# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश

नदिपुर, पोखरा, नेपाल

पत्र संख्याः ०७९/८०

चलानी नं.६९

मितिः २०७९।०४।१३

विषयः सेवाकालिन तालिमको सूचना सम्बन्धमा।

*श्री महानगर/नगर/गाउँ पालिका (सबै)*

*गण्डकी प्रदेश।*

प्रस्तुत विषयमा यस प्रतिष्ठानबाट आ.व. २०७९।८० मा सञ्चालन गरिने कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी ३० कार्यदिने सेवाकालीन तालिमको सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। तहाँ पालिकाका सम्बन्धित कर्मचारीहरुलाई जानकारी उपलब्ध गराइ दिनु हुनका साथै उक्त सूचना तहाँ पालिकाको सूचना पाटीमा समेत टाँस गरिदिनु हुन सादर अनुरोध छ।

शाखा अधिकृत

(बाबुराम न्यौपाने)

शाखा अधिकृत

श्री प्र.

१. website मा upload गर्ने

२. सूचनापाटीमा टाँस गर्ने

३. वडा कार्यालयहरुमा पठाउने

०७९/४/१४

रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं.: 220
दर्ता मिति: 079/4/14

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश
पोखरा, नेपाल

पत्र संख्या:
चलानी नं.

२०७८।०४।१२

**विषयः सेवाकालीन तालिमको मनोनयन फाराम भर्ने सम्बन्धी सूचना !**

यस गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा आर्थिक वर्ष २०७९।८० मा संघ, प्रदेश र स्थानीय तहमा कार्यरत रा.प.अनं. प्रथम/द्वितीय (खरिदार/नायव सुब्बा) तथा सहायकस्तर चौथो, पाँचौ र प्रदेश तथा स्थानीयतहमा समायोजन भएका अधिकृतस्तर छैटौं, सातौं र आठौंतहका गण्डकी प्रदेश अन्तरगत कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले ३० कार्यदिने सेवाकालीन तालिम कार्यक्रम रहेकोले आवेदन भर्ने अन्तिम मितिसम्ममा सम्बन्धित् पद/तहमा २ (दुई) वर्ष सेवा अवधि पूरा भएका इच्छुक कर्मचारीलाई आवेदन गर्न यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नु पर्ने कागजातहरु**

१. मनोनयनका लागि सम्बन्धित कर्मचारीले विवरण खुलाइ भरिएको फाराम
२. शुरु नियुक्ति, बढुवा नियुक्ति (बढुवा भएको भए) र सम्बन्धित पद/तहको नियुक्ति पत्रको प्रतिलिपी
३. सम्बन्धित कार्यालयबाट मनोनयनको लागि गरिएको सिफारिस पत्र।

**सम्बन्धित अन्य विवरणहरु**

१. यो सूचनाभन्दा अगाडि यस प्रतिष्ठानमा मननोनयन फराम भरी सेवाकालीन तालिमको लागि छनौट नभएका सेवाकालीन तालिममा भाग लिन इच्छुक कर्मचारीले पनि पुनः मनोनयन फाराम भरी पेश गर्नु पर्नेछ।
२. कर्मचारीहरुको छनौट सेवा अवधिलाई आधार मानी जेष्ठताको आधारमा छनौट गरिनेछ।
३. सेवाकालीन तालिममा छनौट भएका प्रशिक्षार्थीहरुको नामावली र तालिम कार्यक्रमको मिति पछि प्रकाशित गरी जानकारी गराइनेछ।
४. सेवाकालीन तालिममा सहभागी हुने कर्मचारीलाई सेवाकालीन तालिम अवधिको यातायात खर्च, दैनिक भ्रमण भत्ता र आवास खर्च कार्यक्रमबाट उपलब्ध गराइने छैन। कार्यक्रम सञ्चालन हुने दिनको खाजा कार्यक्रमबाट व्यहोरिनेछ।
५. मनोनयन फाराम प्रतिष्ठानको वेभसाइटबाट डाउनलोड गरी लिन सकिनेछ।
६. आवेदन फाराम बुझाउने अन्तिम मितिः २०७९।०४।२५ गतेसम्म
७. आवेदन फाराम तथा अन्य कागजात प्रतिष्ठानको ठेगानामा पत्राचार वा प्रतिष्ठानको इमेल ठेगाना मार्फत बुझाउन सकिनेछ।

**सम्पर्कः ०६१-५७१०८०, ५७०१४६  इमेलः academy.gandaki@gmail.com**
**वेभसाइटः http://gpta.gandaki.gov.np**

शाखा अधिकृत

फोन नं.: +९७७-६१-५२१०८०/५२०१४६
"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"
E-mail: academy.gandaki@gmail.com